# तमानखोला गाउँपालिकाको दशौं गाउँसभामा पेश भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम

## तमानखोला गाउँपालिका

## बोङ्गादोभान,बागलुङ

## २०७८

**सम्मानित सभाका**

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु**

१। सवैमा नमस्कार तथा स्वागत सहित विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरका कारण सिर्जित विषम् परिस्थितिका बीचमा नागरिकको जीवनरक्षा गर्दै विकास निर्माणलाई अगाडी बढाउने तथा गाउँपालिकाको सामाजिक आर्थिक विकासमा अगाडी बढ्ने टेवा पुऱ्याउने दृढ विश्वासका साथ तमानखोला गाउँपालिकाको तर्फबाट म यस गाउँसभा समक्ष आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२। बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभन्दा अगाडी संघिय लोकतान्त्रिक गणत्रन्त्रात्मक शासन व्यवस्था स्थापना र सस्थागत गर्दा साहादत प्राप्त गर्नुहुने सम्मानित प्रथम शहिद स्व.क्या. लखन थापा लगाएत सबै परिवर्तनमा ज्यान गुमाउने शहिदहरु प्रति सम्मान तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाल र नेपाली जनताको सर्वभौमसत्ता सम्पन्न गराउन र समाज परिवर्तनमा अग्रणी नेतृत्वदायी भूमिका निभाउनुभएका शिखर पुरुष वि.पि. कोइराला, गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ र नेपालको संविधान निर्माण गर्न र जारी गर्न सफल नेता शुसिल कोइराला प्रति आदर पूर्वक सम्मानका साथ स्मरण गर्न चाहन्छु।नेपालको राजनितिक स्वतन्त्रता, लोकतन्त्र र परिवर्तनको क्रममा विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र जनयुद्धमा वलिदानी, ज्यान गुमाएकाहरु प्रति सम्मान तथा स्मरण गर्न चाहन्छु, वेपत्ता परिवार, पिडित नागरिक प्रति गहिरो सम्मान व्यक्त गर्दछु। साथै सशस्त्र द्वन्दको समयमा सरकार पक्षवाट मारिएका तमानखोला गा.पा. वडा नं. ३ तमानका दुर्गा बहादुर बुढा, प्रेम बहादुर घर्ति, ओमकार बुढा र तमानखोला गा.पा. वडा नं. २ का गंगा बहादुर पुन प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।मिति २०७७ साल साउन १३ गते तमानखोला गाउँपालिका वडा नं. २ खोलेस्वाङमा पहिरोबाट ज्यान गुमाउने २ जना व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

३। विश्वव्यापी रुपमा देखा परेको कोभिड-१९ ले देशभरीका नागरिकहरुको दैनिक जनजीवनमा प्रतिकुल असर पारिरहेको छ । महामारीको चपेटामा परेर यस गाउँपालिकाका पनि २ जना नागरिकहरुले ज्यान गुमाइसकेका छन् । यस महामारीका कारण ज्यान गुमाएका सबै नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै कोरोनाबाट संक्रमित सबैजनालाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसका साथै कोरोना महामारीका विरुद्ध अग्रपङ्तिमा रही सेवारत सबै स्वास्थ्यकर्मी तथा यस अभियानमा खटीएका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, स्वास्थ्य सुरक्षासँग सम्बन्धित स्वास्थ्य सामग्री तथा मानवीय सहयोग गर्ने सहयोगी संघ संस्था र नागरिकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।साथै विश्वभरी फेलिएको कोभिड-१९बाट बच्न सम्पूर्ण नागरिकहरुलाई पूर्णरुपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न हार्दिक अनुरोध गर्दछु ।

४। यो बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली, संविधानमा उल्लेखित राज्यका निर्देशित सिद्धान्त तथा नीतिहरु, नेपाल सरकार, गण्डकी प्रदेश सरकार र तमानखोला गाउँपालिकाका कानुन, दिगो विकासका लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रम र गाउँ कार्यपालिकाको सर्वसम्मतिको निर्णयलाई आधार मानेको छु।

५। आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन योग्यता, विकासको आवश्यकता, नागरिकको अपेक्षालाई प्राथमिकता दिएकी छु ।यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी शिक्षा, स्वास्थ्य र उत्पादन तथा रोजगारी अभिबृद्धी गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

**सभाध्यक्ष्य महोदय**

**सभाका सदस्यज्यूहरु**

अब म चालु आर्थिक वर्ष २०७७/०७८ को आय व्ययको यथार्थ स्थिति तथा उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

६। यस पालिकाको चालु आ.ब.को जेठ मसान्तसम्मको प्रगति विवरण छुट्टै तयार गरी पेश गरेको छु ।चालु आ.ब.को जेठ मसान्त सम्म विभिन्न स्रोतहरुबाट कुल रु. २४ करोड ४६ लाख ३९ हजार २ सय ८० र पैसा २५ मात्र प्राप्त भएको छ ।जेठ मसान्त सम्मको अवधिमा कुल विनियोजनको ५०.३० प्रतिशत बजेट खर्च भएको छ । वित्तिय प्रगति कम भए पनि अधिकांश योजनाहरु सम्झौता भई काम भैरहेको र चालुतर्फका क्षेत्रगत कार्यक्रमहरुपनि अधिकांश सम्पन्न भै भुक्तानीको क्रममा रहेको हुँदा भौतिक प्रगतिको अवस्था सन्तोषजनक रहेको छ ।

**सभाध्यक्ष महोदय**

**सभाका सदस्यज्यूहरु**

७। अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका सोच, लक्ष्य, उद्देश्य तथा र अपेक्षित उपलब्धिहरु प्रस्तुत गर्दछु ।

**क० सोचः सुखी र समानः समुन्नत तमान**

ख० **लक्ष्यः** स्रोत साधनको परिचालन एवम् समन्यायिक वितरणद्धारा जनताको सामाजिक, आर्थिकस्तरमा वृद्धी गर्दै सुखी, समतामुलक र सुशासनयुक्त समुन्नत तमानखोला गाउँपालिका निर्माण गर्ने ।

**ग० उद्देश्यहरुः**

१ विश्वव्यापी रूपमा देखा परेको कोभिड-१९ को महामारीबाट गाउँपालिकाका नागरिकहरूको जीवन रक्षा गरी जनजीवनलाई सामान्यीकरण गर्नु ।

२ गुणस्तरिय शिक्षाका लागि शिक्षण संस्थाहरुको आधुनिकीकरण भौतिक पुर्वाधार र सुविधाको सवलिकरण गर्ने ।

३ आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

४ सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य र पोषण सम्बन्धी सचेतना उपलब्ध गराउने ।

५ गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माण गर्ने र पालिका भित्रका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने ।

६ कृषि तथा पशुपालनको व्यावसायिकतामा जोड दिदै उत्पादकत्व बृद्धि गर्ने ।

७ लक्षित समूहलाई सामाजिक सुरक्षा र संरक्षणको छातामा ल्याउनु ।

८ सडकको निर्माण, मर्मत र स्तरोन्नती गरी यातायातको सहज पहुँच पुऱ्याउनु ।

९ सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउँदै सेवा प्रवाहको गुणस्तर अभिवृद्धी गर्नु ।

घ० अपेक्षित उपलब्धिहरु

१ प्रस्तावित बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट महामारीको असर न्यून गर्दै आय तथा रोजगारीको अवसर सृजना हुनेछ, आर्थिक-सामाजिक क्षेत्र थप गतिशील हुनेछ, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, **"सुखी र समानः समुन्नत तमान"** को गाउँपालिकाको दिर्घकालिन सोच पूरा गर्न योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय**

**सभाका सदस्यज्यूहरु**

अब म आ.ब. २०७८/०७९ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**कोभिड-१९ रोकथाम तथा नियन्त्रण र स्वास्थ्य प्रणालीमा सुधार**

८। कोभिड-१९ को महामारीका कारण पुरै विश्व नै आक्रान्त बनिरहेको बेला यसबाट हाम्रो देश र हाम्रो पालिका पनि पूर्णरुपमा प्रभावित छ ।महामारीको रोकथाम तथा नियन्त्रण गर्नु र आफ्नो पालिकभित्रका नागरिकहरुलाई सहज र शुलभ स्वास्थ्य सेवा पुऱ्याउन गाउँपालिकाको दायित्वलाई मनन गर्दै कोभिड-१९ रोकथाम तथा नियन्त्रण र समग्र स्वास्थ्य प्रणालीमा सूधार ल्याउनको लागि स्वास्थ्य तर्फ कुल रु. १ करोड २६ लाख १६ हजार ६ सय ५० विनियोजन गरेको छु ।

९। . कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषबाट खर्च हुनेगरी रु ३० लाख विनियोजन गरेको छु ।

१०।. संघ तथा प्रदेश सरकारसँगको सहकार्य तथा समन्वयमा तमानखोला गाउँपालिका अन्तर्गत बोङ्गादोभान स्वास्थ्य चौकीमा संचालित कोभिड-१९ अस्पताललाई निरन्तरता तथा व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११।. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी तमानखोला गाउँपालिकाका सम्पूर्ण नागरिकको स्वास्थ्य सुरक्षालाई मध्येनजर गर्दै यथाशीघ्र कोभिड-१९ विरुद्धको खोप लगाउन आवश्यक व्यवस्था मिलाउनेछु ।

१२।. संघीय सरकारको लगानीमा गाउँपालिकाभित्र  निर्माण हुन लागेको ५ शैयाको तमानखोला आधारभुत अस्पताल निर्माण सहजिकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३।. स्वास्थ्य चौकीहरुमा फार्मेसी सेवा सञ्चालन गरी अत्यावश्यक औषधीहरुको सहज उपलब्धतालाई सुनिश्चित गर्ने उद्देश्यका साथ "**अध्यक्ष फार्मेसी कार्यक्रम**" अन्तर्गत बोङ्गादोभान स्वास्थ्य चौकीमा फार्मेसी सेवा संचालन गर्नका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१४।. रोगहरुको पहिचान तथा निदानमा सहजिकरणका निम्ती स्वास्थ्य चौकीहरुमा एक्स रे तथा ल्याव सेवा व्यवस्थापन तथा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।वोङ्गादोभान स्वास्थ्य चौकीमा ल्याव एनालाइजर मेसिन खरिद् तथा व्यवस्थापनका लागि रु.१ लाख ५० हजार विनियोजन गरेको छु ।

१५।. "**उपाध्यक्ष सुत्केरी घरभेट कार्यक्रम**" लाई निरन्तरता दिनका निम्ती आवश्यक बजेट विनियोजन गरेकी छु ।

१६।. प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा शिशु, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन "**बहुक्षेत्रीय पोषण कार्यक्रम**"को निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१७।. नसर्ने रोगको प्रकोपको न्यूनिकरणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक र उपचारात्मक सेवालाई विस्तारका लागि बजेटको व्यवस्था गरेको छु ।

१८।. पूर्ण खोप सुनिश्चितता गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको नियमित अनुगमन तथा समिक्षा साथै वैशाख महिना र वैशाख २४ गतेलाई पूर्ण खोप दिवस मनाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९।. सुत्केरी महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी भएवापत रु. १००० प्रोत्साहन भत्ताको व्यवस्थालाई निरन्तरता दिनका लागि बजेटको व्यवस्था गरेको छु ।

२०।. महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा स्वास्थ्य संस्था र समुदायको काम साथै जनचेतना फैलाउने कार्यमा उत्प्रेरित गर्न नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने प्रोत्साहन भत्तामा रु १००० थप गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

२१।. "**स्वास्थ्य वीमा कार्यक्रम"** लाई थप प्रभावकारी बनाउन र स्वास्थ्य वीमा कार्यक्रमलाई सबैको पहुँचमा पुऱ्याउनको निम्ति गरिव तथा विपन्न परिवारको नि:शुल्क स्वास्थ्य वीमा गरिदिनको लागि आजश्यक बजेट विनियोजन गरेको छु ।

२२।. विद्यालयहरुमा किशोर किशोरीहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य साथै बाल तथा छिटो विवाहका कारण हुने असरहरुबारे सचेतना कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

२३।. कुनै पनि विषयमा स्नातक वा सोभन्दा माथि अध्ययन गरिरहेका विद्यार्थीलाई यस पालिका भित्र अध्ययन तथा अनुसन्धान गर्न प्रोत्साहन स्वरुप **"तमानखोला गाउँपालिका अध्यक्ष फिलोसिप कार्यक्रम"** संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**शिक्षा युवा तथा खेलकुद**

२४।.सामाजिक विकासको मेरुदण्डको रुपमा रहेको शिक्षाको विकास तथा प्रोत्साहनको लागि कुल रु. २ करोड ४५ लाख ४८ हजार ५ सय विनियोजन गरेको छु

२५।. कोभिड-१९ को विषम परिस्थितिको बेला पनि शैक्षिक गतिमा क्षती नपुगोस् भन्ने अभिप्रायले वैकल्पिक माध्यमबाट सिकाई सहजीकरण गरी विद्यार्थीको सिकाइलाई निरन्तरता दिनका लागि रु. ३ लाख विनियोजन गरेको छु ।

२६।. "विद्यार्थी प्रतिभा पहिचान खोजी र सम्मान" भन्ने मूल सिद्धान्तका साथ सुरुवात गरिएको **गाउँपालिका अध्यक्ष कप**लाई निरन्तरता दिनका लागि रु. २ लाख विनियोजन गरेको छु ।

२७।. परम्परागत सीपलाई आधुनिक सीपमा विकास गर्न, परम्परागत कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्ने ज्ञान सीपको विकास गर्न "**एक विद्यार्थी एक सीप, एक विद्यालय एक उत्पादन**" कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२८।. "तमानखोला संस्कृति र सम्पदा हाम्रो सान हाम्रो पहिचान" भन्ने वाक्यलाई आत्मसाथ गर्दै गाउँपालिकाका संस्कृति, सम्पदा र ऐतिहासिक स्थललाई यत्रतत्र सर्वत्र परिचित गराई स्थानीय तथा राष्ट्रिय स्तरमा चिनाउन गाउँपालिका गान निर्माण गरिनेछ जसको लागि रु. १ लाख ५० हजार विनियोजन गरेको छु ।

२९।. शिक्षण पेशामा पालिका भित्रैबाट सक्षम र दक्ष्य जनशक्ति उत्पादन गरी पालिका अन्तर्गतका विद्यालयमा स्वीकृत शिक्षक दरबन्दीमा पालिका भित्रकै शिक्षकबाट पठनपाठन गर्न पाइयोस् भन्ने मूल लक्ष्यका साथ शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनका लागि रु. २ लाख विनियोजन गरेको छु

३०।. शिक्षकको शिक्षण सिकाइलाई योजनावद्ध र प्रभावकारी बनाउन र विद्यार्थीको गृहकार्य नगर्ने परिपाटी हटाउन शिक्षकको लागि Lesson Plan Diary र विद्यार्थीका लागि Homework Diary को व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३१।.आधारभुत तथा माध्यामिक निशुल्क परिक्षा सञ्चालन, अन्तर विद्यालय केन्द्राध्यक्ष, उत्कृष्ट विद्यालय, उत्कृष्ट विषय शिक्षक, उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइ आवश्यक बजेट विनियोजन गरेको छु ।

३२।. एक विद्यालय एक पुस्तकालय निर्माण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको "**अध्यक्ष पुस्तकालय कार्यक्रम**" अन्तर्गत यस वर्ष श्री शान्ति मा.बि. खुंखानीमा पुस्तकालय स्थापनाका लागि बजेटको व्यवस्था गरेको छु ।

३३।. विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकका वास्तविक समस्या नजिकबाट बुझ्न र उनीहरुका समस्या समाधानका उपायको खोजी गर्न प्रत्येक विद्यालयमा "**गाउँपालिका अध्यक्षसँग मेरो कुरा**" कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३४।. "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ सञ्चालन गरिने **राष्ट्रपति रनिङ शिल्ड** प्रतियोगितालाई थप व्यवस्थित बनाई सञ्चालन गर्नको लागि आवश्यक थप बजेटको व्यवस्था गरेको छु ।

३५।. विद्यार्थीको पठन सीपको विकास, साहित्यिक सृजना अध्ययन र वाचन, शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन का लागि **पढाई मेला** आयोजना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३६।.किशोर किशोरीमा देखापर्ने शारिरीक, मानसिक, संवेगात्मक, नैतिक समस्या समाधान गर्न उनीहरुका लागि "**छात्रा छात्रका कुरा उपाध्यक्षसँग**" कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७।. बालबालिका तथा किशोर किशोरीहरुलाई शारिरीक तथा मानसिक रुपमा स्वस्थ बनाईराख्न माध्यामिक तहका विद्यार्थीहरुका लागि योग तथा मनोपरामर्श कार्यक्रम संचालन गर्न रु. १ लाख विनियोजन गरेको छु ।

३८।. "प्रविधियुक्त शिक्षा, बालमैत्री शिक्षा, गुणस्तरिय शिक्षा, विद्यालयको भौतिक पूर्वाधार तमानखोला" भन्ने आदर्श वाक्यलाई आत्मसाथ गर्दै यसै आर्थिक वर्षदेखि विद्यालयलाई प्रविधियुक्त बनाउन प्रत्येक विद्यालयमा इन्टरनेटको पहुँच विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३९।. निशुल्क सहज र सर्वसुलभ शिक्षा प्रदान गर्नका लागि गाउँपालिका करार शिक्षकलाई निरन्तरता दिँदै शिक्षकहरुको प्रोत्साहन स्वरुप रु.२ हजार तलब भत्ता बृद्धि गरेको छु ।

४०।. "बालबालिकालाई झिकाऔ, टिकाऔ र सिकाऔ" भन्ने मूल वाक्यका साथ प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा बालबालिकाको भर्ना अनिवार्य गर्न सञ्चालनमा रहेका बालविकास केन्द्रलाई निरन्तरता दिदै यसै वर्ष देखि थप १ वटा बालविकास केन्द्र स्थापना गर्नुका साथै नेपाल सरकारको बजेट बक्तव्यमा उल्लेख भएबमोजिम बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि गाउँपालिकाको तर्फबाट रु ७ हजार थप तलबको गरेको छु ।

४१।. "विद्यालय विकास मेरो प्रतिवद्धता, सक्रिय सहभागीता र पारदर्शीता" भन्ने मूल वाक्यलाई आत्मसात गर्दै विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई प्रभावकारी बानाउने यसै आर्थिक वर्षदेखि सम्पूर्ण विद्यालय प्रधानाध्यापकका लागि रु. ५ सय प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

४२। बेरोजगार युवाहरुलाई मागमा आधारित सीपमूलक तालिमको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४३।गाउँपालिका खेलको रुपमा घोषित तारो खेल (आर्चरी) विकास तथा प्रवर्द्धनको लागि रु. १ लाख विनियोजन गरेको छु ।

४४। गाउँपालिकाभित्र खेलकुदको क्षेत्रको विकास तथा व्यवसायिकता विकासमा टेवा पु-याउनका लागि तमानखोला खेलकुद विकास कोषको लागि रु ५ लाख विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई:**

४५।. एक घर एक धारा कार्यक्रममा निरन्तरता दिई नेवा संस्थासँगको सहलगानीमा विस्पोल, सन्तर, हिजा र भयरबङ्गा खानेपानी आयोजना तथा गोर्खा वेलफेयर सँगको सहकार्यमा खोलेस्वाङ तथा श्रीवाङ खानेपानी आयोजना संचालन गर्नका लागि गर्ने गरी कुल रु. १९ लाख विनियोजन गरेको छु ।

४६।. समुदाय स्तरमा फोहोरमैला व्यवस्थापन स्थलको व्यवस्थापन र व्यवस्थित प्रयोगको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**समावेशीकरण गरिबी निवारण तथा कला संस्कृति:**

४७।. सामाजिक-आर्थिक रुपले पछाडी परेका वर्गको सशक्तिकरण र मुलप्रवाहिकरण तथा समाजमा रहेका कुरिथी,कुप्रथा,विभेद र घरेलु हिंसाको अन्त्य गरि समतामुलक सामाजिक न्याय र समानता कायम गर्नुका साथै गाउँपिलकाको भाषा तथा संस्कृतिको संरक्षण तथा विकासको लागि यस शीर्षकमा रु. ५७ लाख विनियोजन गरेको छु।

४८।. महिला, दलित, जनजाती, अपाङ्ग बालबालिका लगायत लक्षित वर्गको सशक्तिकरण का लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४९।. तमानखोला गाउँपालिका भित्रको स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासका लागि सचेतना तथा खोजमुलक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

५०।. तमानखोला गाउँपालिका भित्र रहेका अनाथ तथा असहाय बालबालिकाको पालनपोषण तथा निशुल्क शिक्षादिक्षाको लागि तमान गाउँमा एक बालगृह सञ्चालन गर्न तमानखोला विकास कोषबाट खर्च गर्ने गरी रु. ५ लाख विनियोजन गरेको छ ।

५१।. विपन्न नागरिक औषधी उपचार सहायतालाई निरन्तरता दिनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५२।. भूमी सम्बन्धि समस्या समाधान आयोगसँगको सहकार्यमा यस गाउँपालिका भित्र रहेका भूमीहिन तथा अव्यवस्थित वसोवासीहरुको उचित व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**कृषि तथा सहकारी**

५३।. देशकै मूख्य पेशाको रुपमा रहेको कृषि यस गाउँपालिकाका नागरिकको पनि मुख्य पेशाको रुपमा रहेको छ । त्यसैले समग्रा गाउँपालिकाको आर्थिक विकासको लागि कृषिमा आधुनिकिरण र व्यावसायिकरण गरि उत्पादकत्व बृद्धि गर्न जरुरी छ । त्यसैले कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकिकरण र व्यावसायिकरण प्रवर्द्धन गर्नका लागि कुल रु. ६६ लाख २ हजार विनियोजन गरेको छ ।

५४।. कृषिमा यान्त्रिकीरण प्रवर्द्धनका लागि आधुनिक कृषि यन्त्रहरुको प्रयोगलाई प्रोत्साहन गर्न अनुदानको कार्यकम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५५।. बालि विकास कार्यक्रम मार्फत उन्नत जातको खेतीको विकासको लागि उन्नत वीउ, बिरुवा वितरण र व्यावसायिक खेती सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छ ।

५६।. रासायनिक मल तथा रासायनिक विषादीको प्रयोगमा कमी ल्याई प्राङ्ग्रारिक खेतीलाई प्रवर्द्धन गर्नका लागि कृषकहरुलाई मलखाद व्यवस्थापन तथा जैविक विषादीको प्रयोग सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

५७।. विभिन्न अन्नवाली र नगदेवालीको सामुहिक तथा सहकारी खेतीमा जोड दिनका लागि नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा पकेट तथा जोनका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५८।. भू-बनोट र संभाव्यताका आधारमा फलफुल खेतीको विकासका लागि स्याउ, ओखर, किवी, कागती को विरुवा वितरण र फलफुल खेती सम्बन्धी तालिम सञ्चालनका कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।

५९।. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि पशु नश्ल सुधार कार्यक्रम, भेडाबाख्रा पालन सम्बन्धी तालिम कार्यक्रम, घुम्ती भेडा/बाख्रापालक कृषकहरुका लागि पाल तथा सोलार सेट वितरण, व्यावसायिक कुखुरा पालनको लागि खोर सुधार कार्यक्रमलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनयोजन गरेको छु ।

६०।. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत पशु उपचार तथा औषधी खरिद् तथा वितरण, खोप खरिद् र पशु स्वास्थ्य शिविरका लागि रु. ९ लाख विनियोजन गरेको छु ।

६१।. सहकारी संस्थाको दर्ता, नविकरण, नियमन, अनुगमन तथा संस्थागत क्षमता विकास गर्ने व्यवस्था मिलाएको छु । सहकारी सदस्यहरुको क्षमता अभिवृद्धिको लागि सहकारी शिक्षा तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**पर्यटनः**

६२।. तमानखोला गाउँपालिका भित्र रहेका ऐतिहासिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धन गरी पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागि बराहताल संरक्षण, सोले सहिदपार्क निर्माणको कामलाई प्राथमिकता दिएको छु ।

६३।. पर्यटन पदमार्गको लागि सूचनाबोर्ड निर्माण तथा बाटो निर्देशक सूचकको व्यवस्था, पर्यटकीय ठाउँहरुको प्रचारप्रसारका लागि पर्यटन गोष्ठी सञ्चालन गर्न साथै प्रत्येक वडामा होमस्टे निर्माण तथा व्यवस्थापन अनुदानको कार्यक्रमको सुरुवातको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**घरेलु तथा लघुउद्यमः**

६४।. घरेलु तथा लघुउद्यम प्रवर्द्धनका लागि युवा तथा महिलाका लागि व्यवसायिक सीप विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६५।. कोभिड-१९ का कारण रोजगारी गुमाएका बेरोजगारहरूको लागि संघ र प्रदेशसँगको सहकार्यमा उद्यमशीलता विकास तथा स्वरोजगारी सिर्जना गर्ने कार्यक्रमका लागि आवश्यक बजेट छुट्टाएको छु

६६। युवा, महिला तथा कोभिड-१९ का कारण रोजगार गुमाएकाहरुका लागि व्यावसायिक तथा उद्यम सहुलियत ऋण व्यवस्थापन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

**सडक, पुल तथा पूर्वाधार निर्माणः**

६७।. संघ र प्रदेश सँगको सहकार्यमा वुर्तिवाङदेखि वोङ्गादोभानसम्मको सडक कालोपत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेको छु ।

६८।. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई मर्मत तथा स्तरोन्नती गरी बाह्रै महिना संचालन गर्न विशेष प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

६९।. गाउँपालिका भित्रका आवश्यक र सम्भाव्य सबै स्थानमा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक स्रोतको व्यवस्था गरेको छु ।

७०।. वस्तिबाट वडा तथा गाउँपालिका केन्द्र जोड्ने अधुरा सडकहरूलाई पुरा गर्न तथा भइरहेका सडकहरुको स्तरोन्नती गर्न आवश्यक बजेट विनयोजन गरेको छु ।

७१।. संघीय तथा प्रदेश सरकासँगको समन्वय र सहकार्यमा गाउँपालिका भित्रका मोटरेबल पुल निर्माण गर्न आवश्यक स्थानमा पुल निर्माणको संभाव्यता अध्ययन र विसतृत परियोजना प्रतिवेदन तयार गरि निर्माण गर्नका लागि आवश्यक बजेट विनयोजन गरेको छु ।

**भवन तथा वस्ती विकास**

७२।. गाउँपालिकाभित्रको प्रशासनिक कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउनको निम्ति गाउँपालिकाको प्रशासनिक भवन र वडा कार्यालयहरुको भवन निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

७३।. सामुदायिक भवनहरुलाई व्यवस्थित गर्न तथा आवश्यक स्थानमा नया भवनहरु निर्माण गर्न आवश्यक बजेट विनियोजन गरको छु ।

७४।. स्वास्थ्य तथा शिक्षाका पुर्वाधारहरूलाई थप व्यवस्थित गर्न स्वास्थ्य संस्थाहरु र विद्यालयका भवन निर्माणको कामलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरेको छु ।

**उर्जा**

७५।. गाउँपालिका भित्र भएका काठका पोललाई विस्थापित गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेको छु ।

७६।. संघ र प्रदेशसँगको सम्न्वयमा गाउँपालिका भित्रका लघु जलविद्युत आयोजनाको मर्मत र स्तरोन्नती गरि थप व्यवस्थित र भरपर्दो बनाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**वन वातावरण र विपद् व्यवस्थापन**

७७।. विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरि रु. २५ लाख विनियोजन गरेको छु ।

७८।. नदि किनार र जोखिममा रहेका वस्तिहरुको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु

७९।. वन डिभिजनसँगको सहकार्यमा सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारामा वृक्षारोपण गर्न रु. १ लाख विनियोजन गरेको छु ।

८०।. विपद् व्यवस्थापनमा आवश्यक उद्धार तथा राहत सामग्रीको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**संस्थागत सेवा प्रवाह र सुशासन**

८१।. गाउँपालिकाको सेवालाई थप पारदर्शी र सेवाग्राहिमैत्री बनाउन गाउँपालिकामा डिजिटल नागरिक वडापत्र र वडा कार्यालयहरुमा नागरिक वडापत्र तथा सुझाब पेटिकाको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८२।. न्यायीक समितिको कार्यसम्पादनलाई थप सुदृढीकरण गर्न र प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप क्रियाशील बनाउनका लागि आवश्यक बजेट छुट्टाएको छु ।

८३।. गाउँपालिकाले गरेका हरेक क्रियाकलापको बारेमा समयमै सूचना तथा जानकारी दिन रेडियो कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८४।. पालिकाका योजना तथा कार्यक्रमको बारेमा जनताको गुनासो संवोधन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नका निम्ति रु ३ लाख विनियोजन गरेको छु ।

८५।. सेवा प्रावहलाई थप प्रभावकारी बनाउन तथा सुशासन प्रवर्द्धन गर्न अन्तरपालिका अनुभव आदान प्रदान तथा अवलोकनको लागि आवश्यक बजेट छुट्टाएको छु ।

८६।. नेपाल सरकारसँग एकरूपता हुने गरी गाउँपालिका तथा पालिका अन्तर्गत स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण करार स्वास्थ्यकर्मी, प्राविधिक कर्मचारी तथा कार्यालय सहयोगीहरुको तलबमानमा २०७८ साउन १ गतेदेखि लागु हुने गरी रु. २ हजार बृद्धि गरेको छु । साथै प्राथमिक स्वास्थ्य उपचार परामर्श केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मिहरुको तलबमान बृद्धि गरि रु.१६ हजार पुऱ्याएको छु ।

८७।. कोभिड-१९ को जोखिममा अग्रपङ्तिमा रही काम गर्ने कर्माचारीहरुलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८८। कर्मचारी कल्याण कोषको लागि रु. १० लाख विनियोजन गरेको छु ।

८९।. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो र प्रविधिमैत्री बनाउन समयानुकु क्षमता विकास तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९०।. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई गाउँपालिकालाई डिजिटल पालिकाको रूपमा विकास गर्न विद्युतीय सुशासन योजना तयार गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**सभामुख महोदय**

**सभाका सदस्य ज्यूहरु**

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

९१।. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. २७ करोड ४० लाख ८१ हजार १ सय ५० खर्च हुने अनुमान गरेको छु।

९२। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रू. ६ करोड ८६ लाख, राजश्व बाँडफाडबाट प्राप्त हुने रु. ५ करोड ६५ लाख, रोयल्टी रु. १ लाख ७८ हजार ४ सय ९९, संघीय सशर्त अनुदान रु. ११ करोड ३६ लाख ६४ हजार, यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान ६८ लाख ६० हजार, प्रदेश सरकारको राजश्व बाडफाडबाट प्राप्त हुने रु. २१ लाख ४२ हजार, सशर्त अनुदान रु. ५० लाख र समपुरक अनुदान ५० लाख, पालिकाको आन्तरीक राजश्वबाट रु.२५ लाख बेहोर्दा रु.१ करोड ३६ लाख ३६ हजार ६ सय ५१ न्यून हुनेछ । उक्त न्यून बजेट पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु.१ करोड ३६ लाख ३६ हजार ६ सय ५१ बाट उपयोग गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**गाउँसभाका सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०७८/०७९ को राजश्वको नीति प्रस्तुत गर्न चाहन्छु ।

९३। गाउँपालिकाको क्षेत्राधिकारभित्रका करका आधार फराकिलो पार्दै आन्तरिक राजश्व बृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीतिलाई अबलम्बन गरेको छु ।

९४। कर तथा गैरकर राजश्व संकलनलाई प्रभावकारी बनाउन कानुनी, संस्थागत सुधार तथा राजश्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।

९५। गाउँपालिका भित्रका सबै व्यावार व्यवसायलाई अनिवार्य करको दायरामा ल्याउन आवश्यक व्यवस्था गरेको छु ।

९६। गाउँपालिकाले सकंलन गर्ने भूमिकर, मनोरञ्जन कर, विज्ञापन कर लगायत आदि को दर र दायराको आवश्यक अध्ययन गरी राजश्व संकलनलाई थप प्रभावकारी बनाईनेछ ।

९७। राजश्व सम्बन्धमा व्यवस्था गर्न प्रस्ताव गरिएको आर्थिक विधेयक, २०७८ यसैसाथ प्रस्तुत गरेको छु ।उक्त प्रस्ताव सम्बत् २०७८ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय**

**गाउँसभाका सदस्यज्यूहरु**

९८। अन्तमा बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु तथा सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र सरोकारवालाको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

**अनुसूची ३**

**(कार्यविधिको दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**आ.ब. २०७८/०७९ को बजेट तथा कार्यक्रम**

| शिक्षा युवा तथा खेलकुद | | | |
|---|---|---|---|
| **क.सं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
| १ | गाउँपालिका बालविकास सहजकर्ता, गाउपालिका शिक्षक र गाउँपालिका कम्प्युटर शिक्षक तलब भत्ता | १४६३३५०० | |
| २ | बालविकास सहजकर्ता,विद्यालय सहयोगी र लेखापाल थप तलब भत्ता | २८१४००० | |
| ३ | प्रधानाध्यापक प्रोत्साहन | १२६००० | |
| ४ | विद्यालयमा ईन्टरनेट सेवा विस्तार | १५०००० | |
| ५ | शैक्षिक तालिम | २५०००० | |
| ६ | एक प्रधानाध्यापक एक ल्यापटप | १२०००० | |
| ७ | वैकल्पिक सिकाइ सहजीकरण | ३००००० | |
| ८ | विद्यालय स्वास्थ्य सामाग्री वितरण | २००००० | |
| ९ | शिक्षा ऐन तथा नियमावली संशोन, छपाई र वितरण | १००००० | |
| १० | एक विद्यार्थी एक सीप एक विद्यालय एक उत्पादन | १००००० | |
| ११ | स्थानीय पाठ्यक्रम कार्यान्वयन, पाठ्यपुस्तक र सन्दर्भ सामाग्री निर्माण | ४००००० | |
| १२ | गाउँपालिका गान निर्माण | १५०००० | |
| १३ | गाउँपालिका अध्यक्ष कप | २००००० | |
| १४ | विद्यार्थी दिवा खाजा | ४००००० | |
| १५ | शिक्षक सेवा आयोग तयारी कक्षा | २००००० | |
| १६ | शिक्षक परिचय पत्र | ४००००० | |
| १७ | शिक्षक लेशन प्लान डायरी र होमवर्क डायरी | ३००००० | |
| १८ | शैक्षिक पात्रो निर्माण | १००००० | |
| १९ | अन्तर विद्यालय शिक्षण | ५०००० | |
| २० | गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | २००००० | |
| २१ | विद्यालय अनुगमन मुल्याङ्कन र सत्यापान | १००००० | |
| २२ | परिक्षा व्यवस्थापन तथा सञ्चालन | ४००००० | |
| २३ | गाउँपालिका अध्यक्ष पुस्तकालय | २००००० | |
| २४ | पुरस्कार तथा सम्मान | १००००० | |
| २५ | गाउँपालिका अध्यक्षसँग मेरो कुरा | १००००० | |
| २६ | शैक्षिक बैठक | १५०००० | |
| २७ | गोष्ठी र कार्यशाला | १५०००० | |
| २८ | राष्ट्रपति रनिङ शिल्ड | १५०००० | |
| २९ | असल शिक्षक असल विद्यार्थी असल अभिभावक कार्यक्रम | १००००० | |
| ३० | पढाई मेला | १५०००० | |
| ३१ | एक विद्यालय एक सिकाई सामाग्री वितरण | १५०००० | |
| ३२ | विद्यार्थी सचेतना कार्यक्रम | ५०००० | |

| | | | |
|---|---|---|---|
| ३३ | छात्रावास | २५०००० | |
| ३४ | शैक्षिक सामाग्री निर्माण र कार्यक्रम उदघोषण कार्यक्रम | १००००० | |
| ३५ | छात्र छात्रासँग उपाध्यक्षका कुरा | ५०००० | |
| ३६ | उच्च र निम्न सिकाई उपलब्धी विद्यालय पुरस्कार | ५०००० | |
| ३७ | प्रतिभाको खोजी | १५०००० | |
| ३८ | मासिक विद्यालय प्रधानाध्यापक बैठक | १५०००० | |
| ३९ | नमुना विद्यालय नमुना काम पुरस्कार | ५०००० | |
| ४० | अतिरिक्त कक्षा सञ्चालन | २५०००० | |
| ४१ | शैक्षिक भ्रमण | १०५००० | |
| ४२ | शैक्षिक सामाग्री व्यवस्थापन | १००००० | |
| ४३ | माध्यामिक तहका विद्यार्थीहरुको लागि योग तथा मनोपरामर्श कार्यक्रम | १००००० | |
| ४४ | गाउँपालिका खेल तारो(आर्चरी)को लागि खेलस्थान निर्माण र व्यवस्थापन | १००००० | |
| ४५ | शिक्षा शाखा व्यवस्थापन | १००००० | |
| | **जम्मा** | **२४५४८५००** | |

## स्वस्थ्य तर्फ

| क्र.सं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई कर्मचारी तलब भत्ता तथा पोषाक | ६८०००० | |
| २ | ल्याव कर्मचारी तलब भत्ता तथा पोषाक | ११४५७९० | |
| ३ | एस.वि.ए. अ.न.मी. तलब भत्ता तथा पोषाक | ४४१८६० | |
| ४ | प्राथमिक उपचार परामर्श केन्द्र तलब भत्ता तथा पोषाक | ६५४००० | |
| ५ | महामारी तथा सरुवा रोग नियन्त्रण (कोरोना समेत) | ३०००००० | |
| ६ | खोप कार्यक्रम निरन्तरता( पूर्ण खोप घोषणा कार्यक्रम तथा व्यवस्थापन) | २५००० | |
| ७ | पोषण तथा सुरक्षित मातृत्व कार्यक्रम | ३००००० | |
| ८ | महिला स्वास्थ्य स्वयं सेविका तथा मोबाइल स्वास्थ्य कार्यक्रम (e-health) | ६५०००० | |
| ९ | फोहोर मैला ब्यवस्थान (स्वास्थ्य संस्था) | १००००० | |
| १० | सरसफाइ तथा फोहोर मैला ब्यवस्थापन कार्यक्रम (समुदाय स्तर) | ४००००० | |
| ११ | स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धी तथा तालिम | १२०००० | |
| १२ | मेडिक मोबाइल निरन्तरता | ५०००० | |
| १३ | अत्यावश्यक औषधी खरिद, ढुवानी तथा रिप्याकिङ र बितरण समेत | १५००००० | |
| १४ | स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक सामाग्रीहरु खरिद तथा ब्यवस्थामन | ३००००० | |
| १५ | स्वास्थ्य चौकीमा फार्मेसी सेवा सञ्चालन तथा ब्यवस्थापन(फार्मेसी सहायक तलब समेत) | १०००००० | |
| १६ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (प्राथपिमक उपचार तालिम समेत) | १००००० | |
| १७ | स्वास्थ्य चौकीमा एक्सरे तथा ल्याव सेवा व्यवस्थापन अनुदान | १००००० | |
| १८ | नसर्ने रोग नियन्त्रण कार्यक्रम (सचेतना कार्यक्रम समेत) | १००००० | |
| १९ | सामाजिक सुरक्षा कार्यक्रम (पुरानो विमा नियमित समेत) | २००००० | |
| २० | वोङ्गादोभान स्वास्थ्य चौकीमा ल्याव एनालाईजर मेसिन खरिद तथा व्यवस्थापन | १५०००० | |
| २१ | स्वास्थ्य शिक्षा कर्नर स्थापना तथा ब्यवस्थापन (स्वास्थ्य संस्था) | ५०००० | |

| | | | |
|---|---|---|---|
| २२ | स्वास्थ्य क्याम्प सञ्चालन तथा परामर्श | ३००००० | |
| २३ | गर्भवती तथा सुत्केरी महिलाहरुलाई क्यालसीयम ट्याबलेट वितरण | १५०००० | |
| २४ | उपाध्यक्ष सुत्केरी घरभेट कार्यक्रम | २००००० | |
| २५ | सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी भए बापत प्रोत्साहन भत्ताथप (१०००) | २००००० | |
| २६ | स्वास्थ्य संस्थामा रातीको समयमा सुत्केरी गराएबापत अ.न.मी. लाई प्रोत्साहन भत्ताथप | ५०००० | |
| २७ | स्वास्थ्य संस्था व्यवस्थापन खर्च (स्वास्थ्यचौकी, सा.स्वा.ई र प्रा.स्वा.प.के समेत) | १५०००० | |
| २८ | अध्ययन तथा सोध कार्यको लागि | ५०००० | |
| २९ | अध्यक्ष फिलोसिप कार्यक्रम (सोधपत्र विद्यार्थीहरुको लागि) | ५०००० | |
| ३० | नर्जाखानी अधारभुत स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरमा सोलार जडान तथा व्यवस्थापन | १५०००० | |
| ३१ | महिला स्वास्थ्य स्वयं सेविका बिदाई कार्यक्रम तथा सम्मान | १००००० | |
| ३२ | तीन वटै स्वास्थ्य चौकीमा औषधी राख्नको लागि र्‍याक व्यवस्थापन | १००००० | |
| ३३ | गर्भवती महिलाहरुको ANC Package Test गरेवापत स्वास्थ्य चौकीलाई सोधभर्ना | १००००० | |
| ३४ | एम्बुलेन्स खरिद् | १५००००० | |
| | **जम्मा** | **१४१६६६५०** | |
| | | | |
| | **समावेशीकरण, गरिबी निवारण तथा कला संस्कृति** | | |
| क्र.सं. | **कार्यक्रम** | **बजेट** | कैफियत |
| १ | दलित | ३००००० | |
| २ | महिला | ५००००० | |
| ३ | जनजाती | २००००० | |
| ४ | युवा | २००००० | |
| ५ | बालबालिका | २००००० | |
| ६ | जेष्ठ नागरिक | ३००००० | |
| ७ | अपाङगता | २००००० | |
| ८ | भाषा संस्कृति संरक्षण तथा विकास | ४००००० | |
| ९ | हिंसा पिडित सहायता कार्यक्रम | १५०००० | |
| १० | जातीय छुवाछुत तथा भेदभाव उन्मुलन सम्बन्धमा सचेतना कार्यक्रम | २५०००० | |
| ११ | किशार, किशोरी तथा हिंसा पिडितहरुको लागी सचेतना कार्यक्रम | २००००० | |
| १२ | बालगृह संचालन | ५००००० | |
| १३ | विपन्न नागरिक आर्थिक सहायता | ५००००० | |
| १४ | अन्य सामाजिक सहायता | ५००००० | |
| | **जम्मा** | **४४०००००** | |

## आर्थिक विकासतर्फ

| | | | |
|---|---|---|---|
| | **पशुतर्फ** | | |
| **क्र.सं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |

| | | | |
|---|---|---|---|
| १ | भेटनरी प्रयोगशाला व्यवस्थापन तथा मेसिनरी खरिद् | १००००० | |
| २ | समुहमा | | |
| क) | गाउँपालिका स्तरिय स्थलगत तालिम तथा अभिमुखिकरण १ दिने | १००००० | |
| ३ | वडा स्तरीय सिप विकास तालिम तथा गोष्ठी | | |
| क) | भेडा बाख्रापालन सम्बन्धी तालिम २ दिने ६ वडामा | २००००० | |
| ४ | अण्डामा आत्मनिर्भर कार्यक्रम | | |
| क) | लेयर्स कुखुरा वितरण ५०% अनुदानमा | २००००० | |
| ५ | पशु आहारा कार्यक्रम | | |
| क) | हिँउदे भुई डाले घाँसको बिउ खरिद तथा वितरण | १५०००० | |
| ६ | पशु स्वास्थ्य कार्यक्रम | | |
| क) | उपचार तथा औषधी खरिद् तथा वितरण | ४५०००० | |
| ख) | आन्तरिक तथा बाह्य परिजिवी नियन्त्रण कार्यक्रम | १५०००० | |
| ग) | खोप खरिद | २००००० | |
| ७ | व्यवसायिक कुखुरा फर्म स्थापना | | |
| क) | कुखुराको चल्ला वितरण ५०% अनुदानमा | १००००० | |
| ८ | पशुपालन अनुदान तर्फ | | |
| क) | घुम्ती भेडा/बाख्रापालक कृषक हरुलाई पाल तथा सोलार सेट खरिद | ३००००० | |
| ख) | व्यवसायिक कुखुरा पालनको लागि खोर सुधार अनुदान | १५०००० | |
| ग) | अपाङ्ग तथा एकल महिलाहरुलाई कुखुरा वितरण | १००००० | |
| ९ | पशु स्वस्थ्य शिविर सञ्चालन | १५०००० | |
| १० | मासु पसल सुधार कार्यक्रम | १२०००० | |
| ११ | चापकटर(घाँस काट्ने मेसिन खरिद्) | १००००० | |
| १२ | फिल्ड भिजिट फर्म तथा कार्यक्रम अनुगमन | ७२००० | |
| १३ | प्रजननको लागि उन्नत नश्ल बोका खरिद् तथा वितरण | २००००० | |
| | **जम्मा** | **२८४२०००** | |

**कृषितर्फ**

| **क्रं.सं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | यान्त्रिकीकरण प्रवर्द्धन | | |
| क | मिनिटेलर ५० प्रतिशत अनुदान | ३००००० | |
| २ | तरकारी खेती प्रबर्द्धन | | |
| क | फलामे प्लाष्टिक टनेल अनुदान | १०००००० | |
| ख | प्लाष्टिक टनेल वितरण | १६०००० | |
| ग | तरकारी बाली बिउ बितरण | २५०००० | |
| घ | स्प्रे टंकी बितरण | ५०००० | |
| ङ | मौसमी तथा बेमौसमी खेती सम्बन्धी तालीम | १८०००० | |
| ३ | फलफुल बिकास कार्यक्रम | | |
| क | हिउँदे फलफुल बिरुवा स्याउ, ओखर ,किबी बितरण | २५०००० | |
| ख | बर्षे फलफुल बिरुवा कागती टिमुर खरीद तथा वितरण | २५०००० | |
| ग | फलफुल खेती सम्बन्धी तालीम | १५०००० | |

| | | | |
|---|---|---|---|
| घ | खाडल खन्ने मेसीन वितरण | १२०००० | |
| ४ | किट बिकास कार्यक्रम | | |
| क | मौरी घार मौरी सहित अनुदान ५०% | १५०००० | |
| ख | मौरी उपकरण वितरण | १००००० | |
| ग | कन्या तथा सिताके च्याउको बिउ बितरण | ५०००० | |
| ५ | बाली बिकास कार्यक्रम | | |
| क | मकै सिमी गहुँ वितरण | १५०००० | |
| ६ | मलखाद व्यवस्थापन | | |
| क | माटो शिबिर तथा चुन जिप्सम बितरण | २००००० | |
| ख | जैविक विषादी सम्बन्धी तालिम | १५०००० | |
| ७ | कृषि विमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ५०००० | |
| ८ | कृषक समूह व्यवस्थापन | ५०००० | |
| | **जम्मा** | **३६१००००** | |

**घरेलु तथा लघु उद्यमतर्फ**

| **क.स.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | युवा तथा महिला उद्यम ,व्यवसाय र सीप मुलक कार्यक्रम | २००००० | |
| २ | युवा महिला तथा कोभिडका कारण रोजगार गुमाएका हरुलाई व्यवसाय तथा उद्यम विकासका लागि सहुलियत ऋण | ५००००० | |
| | जम्मा | **७०००००** | |

**सहकारीतर्फ**

| **क.स.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | सहकारी शिक्षा तालिम तथा गठन | १५०००० | |
| | जम्मा | **१५००००** | |

**पर्यटन तर्फ**

| **क.स.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रत्येक वडामा होम स्टे निर्माण व्यवस्थापन अनुदान | १००००० | |
| २ | पर्यटन पदमार्गको लागी सुचनाबोर्ड ,बाटो निर्देशन कार्यक्रम | ५०००० | |
| ३ | पर्यटन प्रर्वद्धन गोष्ठी | १५०००० | |
| | **जम्मा** | **३०००००** | |

**गाउँपालिकास्तर**

| **क.स.** | **कार्यक्रम** | **बजेट** | |
|---|---|---|---|
| १ | गाउपालिका र वडास्तरिय खेलमैदान | १०००००० | |
| २ | शहिद पार्क (क्रमागत) | १०००००० | |
| ३ | एक वडा एक पार्क | १२००००० | |
| | **जम्मा** | **३२०००००** | |

**संस्थागत विकास तथा सुशासन**

| **क.सं.** | **कार्यक्रम** | **बजेट** | |
|---|---|---|---|
| १ | पालिकास्तरिय चौमासिक तथा वार्षिक समिक्षा | २००००० | |

| | | | |
|---|---|---|---|
| २ | सार्वजनिक सुनुवाई कार्यक्रम | ३००००० | |
| ३ | पालिकाको समग्र स्थितको बारेमा रेडियो कार्यक्रम संचालन | २००००० | |
| ४ | गाउपालिका डकुमेन्ट्री | ५००००० | |
| ५ | मध्यकालिन खर्च संरचना निर्माण | ३००००० | |
| ६ | गाउपालिका योजनाहरु विस्तृत परियोजना प्रतिवेदन तयार | २०००००० | |
| ७ | पत्रकार महासंघ बागलुङलाई प्रविधि हस्तान्तरण | ५०००० | |
| ८ | न्यायिक समिति व्यवस्थापन तथा तालिम | ४००००० | |
| ९ | अन्तरपालिका अवलोकन तथा अनुभव आदानप्रदान | ८००००० | |
| १० | भूमि सम्बन्धी समस्या समाधान आयोग सहजिकरण | ४००००० | |
| | **जम्मा** | **५१५००००** | |

| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम** | **बजेट** | |
| १ | विपद व्यवस्थापन, उद्धार राहत तथा पुनर्स्थापना | २५००००० | |
| २ | हन्डेरी वस्ती संरक्षण | २००००० | |
| ३ | वृक्षारोपण कार्यक्रम | १००००० | |
| | **जम्मा** | **२८०००००** | |

| **कोषहरु** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
| १ | मर्मत संभार कोष | ६०००००० | |
| २ | समपुरक कोष | ४१००००० | |
| ३ | आकस्मिक कोष | १०००००० | |
| ४ | जेहेन्दार छात्रबृति कोष | ३००००० | |
| ५ | विरामी तथा सुत्केरी सहायता कोष | ६००००० | |
| ६ | खेलकुद विकास कोष | ५००००० | |
| ७ | खाद्य सुरक्षा कोष | १००००० | |
| ८ | कर्मचारी कल्याण कोष | १०००००० | |
| | **जम्मा** | **१३६०००००** | |
| | | | |

| **चालु खर्च** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम** | **बजेट** | |
| १ | पारिश्रमिक कर्मचारी | १२०००००० | |
| २ | भत्ता तथा पारिश्रमिक पदाधिकारी | ८०००००० | |
| ३ | पोशाक | ४००००० | |
| ४ | स्थानीय भत्ता | ४००००० | |
| ५ | महंगी भत्ता | ५००००० | |
| ६ | अन्य भत्ता | ८००००० | |
| ७ | पानी तथा बिजुली | २००००० | |

| | | | |
|---|---|---|---|
| ८ | संञ्चार महशुल | ७००००० | |
| ९ | इन्धन कार्यालय प्रयोजन | ८००००० | |
| १० | सवारी साधन मर्मत खर्च | ८००००० | |
| ११ | बिमा तथा नविकरण खर्च | ६००००० | |
| १२ | मेशिनरी तथा औजार मर्मत सभार | ४००००० | |
| १३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सभार | ५००००० | |
| १४ | मसलन्द तथा कार्यालय सामाग्री | १४००००० | |
| १५ | वडा कार्यालय व्यवस्थापन | १८००००० | |
| १६ | इन्धन अन्य प्रयोजन | २००००० | |
| १७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १५००००० | |
| १८ | अन्य कार्यलय सञ्चालन खर्च | ५००००० | |
| १९ | सेवा र परामर्श खर्च | ४००००० | |
| २० | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | ५००००० | |
| २१ | करार सेवाशुल्क | ४०००००० | |
| २२ | अन्य सेवाशुल्क | ५००००० | |
| २३ | कर्मचारी तालिम खर्च | ५००००० | |
| २४ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ३००००० | |
| २५ | कार्यक्रम खर्च | ३००००० | |
| २६ | अनुगमन मूल्याङ्कन खर्च | ५००००० | |
| २७ | भ्रमण खर्च | २०००००० | |
| २८ | अन्य भ्रमण खर्च | ३००००० | |
| २९ | विविध खर्च | १२००००० | |
| ३० | भैपरी आउने चालु | ४००००० | |
| ३१ | घरभाडा | ९००००० | |
| ३२ | अन्यभाडा | ४००००० | |
| ३३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ६००००० | |
| ३४ | मेशिनरी तथा औजार | ६००००० | |
| ३५ | फर्निचर तथा फिक्चस | १०००००० | |
| ३६ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद | ४००००० | |
| | **जम्मा** | **४६३०००००** | |
| | | | |
| | **वडा नं. १** | **रकम** | |
| १ | हरिबाङ हुँदै प्रमेश्वर प्रा.वि. जोडने मोटरबाटो निर्माण योजना (क्रमागत) | ६००००० | |
| २ | साडीबन,दरम्फु,थिर्बाङ जोडने मोटरबाटो निर्माण योजना (क्रमागत) | ३५०००० | |
| ३ | पुरानो गाउँदेखि चैतेखर्क सम्म सोलिङ | १००००० | |
| ४ | डाँडा गाउँ देखि चैतेखर्क जोड्ने मोटरबाटो निर्माण योजना | ३००००० | |
| ५ | जनता प्रा.वि.फर्निचर मर्मत योजना | ५०००० | |
| ६ | श्री बुद्ध आ.वि. घेराबार निर्माण योजना | १००००० | |
| ७ | जनमोती प्रा.वि.पर्खाल निर्माण योजना | २००००० | |

| | | | |
|---|---|---|---|
| ८ | पहिरा भुमे प्रा.वि. पलास्टर.रङरोगन,खेलमैदान | ४००००० | |
| ९ | विद्या सागर प्रा.वि.खेलमैदान ग्याबिन जाली | १००००० | |
| १० | स्याउला सामुदियक भवन मर्मत | २५०००० | |
| ११ | बोंगादोभान देखि स्याउला गोरेटोबाटो (रेलिङ) | २००००० | |
| १२ | बोगादोभान देखि हिजा गोरेटोबाटो (रेलिङ) | २००००० | |
| १३ | बेसि देखि थिर्बाङ गोरेटोबाटो (रेलिङ) | १००००० | |
| १४ | तल्लो खेत देखि मोटरबाटो सम्म (रेलिङ) | १५०००० | |
| १५ | बोंगादोभान आमासमूह भवन निर्माण | ७००००० | |
| १६ | बेसी कोरेलीबाङ खेलमैदान घेराबार | १५०००० | |
| १७ | धहनाव खानेपानी निर्माण योजना | २५०००० | |
| १८ | हिजा खानेपानी आयोजना (नेवासँग सहलगानी) | ६५०००० | |
| १९ | धङ्गाले डेरा खानेपानी मर्मत | १५०००० | |
| २० | खड्कनाथ मन्दिर मर्मत | १००००० | |
| २१ | रिकलाङ देवि मन्दिर मर्मत | १००००० | |
| २२ | मालुवा देवी मन्दिर संरक्षण तथा घेराबार | १५०००० | |
| | **जम्मा** | **५३५००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | बोंगादोभान पुरानो चौकी बस्ती संरक्षण ग्याविन जाली | १९३६२७ | |
| २ | खड्कनाथ मन्दिर मर्मत | ५०००० | |
| ३ | धङ्गाले डेरा खानेपानी मर्मत | १००००० | |
| ४ | धहनाव खानेपानी मर्मत | १५०००० | |
| ५ | तल्लो खेत देखि मोटरबाटो सम्म गोरेटो बाटो मर्मत | १००००० | |
| ६ | बेसी देखि थिरबाङ गोरेटोबाटो मर्मत | १००००० | |
| ७ | बोंगादोभान देखि स्याउला गोरेटोबाटो मर्मत | १००००० | |
| ८ | जनमोती प्रा.वि.मर्मत | १५०००० | |
| ९ | पहिरा भूमे प्रा.वि.मर्मत | ३००००० | |
| १० | विद्या सागर प्रा.वि.खेलमैदान मर्मत | ५००००० | |
| ११ | स्याउला सामुदियक भवन मर्मत | २००००० | |
| १२ | बोंगादोभान देखि हिंजा गोरेटोबाटो मर्मत | १००००० | |
| | **जम्मा** | **२०४३६२७** | |
| | **वडा नं. २** | **रकम** | |
| १ | बोंखानी देवीथान मन्दिर निर्माण योजना | ५००००० | |
| २ | मनसुङ देखि शिल्गुम जोड्ने मोटरबाटो निर्माण योजना | १०००००० | |
| ३ | नागबाङ.केसडाँडा हुँदै बराहताल जोडने मोटरबाटो निर्माण योजना | १४००००० | |

| | | | |
|---|---|---|---|
| ४ | चौतारा छातीपल्टे हुँदै थिरबाङ जोडने मोटरबाटो निर्माण योजना | ५२०००० | |
| ५ | रुजामन हुँदै खोलेस्बाङको मन्दिर जोडने मोटरबाटो निर्माण योजना | ८०००० | |
| ६ | दलित सामुदायिक भवन भयरबोङ्गा | ७००००० | |
| ७ | भयरबोङ्गा खानेपानी आयोजना (नेवासँग सहलगानी) | ४००००० | |
| ८ | बोंगाखानी गुर्जाघाट हुँदै ढोरपाटनजोडने मोटरबाटो निर्माण योजना | ७००००० | |
| | **जम्मा** | **५३०००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | खोलेस्वाङ खानेपानी निर्माण तथा मर्मत | ४५२०३७ | |
| २ | बोंखानी प्रटेल टोल देखि पाटलखर्क गोरेटोबाटो निर्माण | ४००००० | |
| ३ | जनज्योती आ.वि.खेलकुद मैदान मर्मत | ६००००० | |
| ४ | रिठाखोला देखि सिल्गुम स्कुल सम्म गोरेटोबाटो मर्मत | ४००००० | |
| | **जम्मा** | **१८५२०३७** | |
| | **वडा नं. ३** | **रकम** | |
| १ | धनगौज्याति मा.वि.व्यवस्थापन | १३५०००० | |
| २ | तमान काफलडाँडा मोटरबाटो | ८५०००० | |
| ३ | हिले खानेपानी आयोजना | ५००००० | |
| ४ | भैपरी आउने पूर्वाधार मर्मत | ५०००० | |
| ५ | रोकाडेरा गोरेटोबाटो रेलिङ | ३००००० | |
| ६ | तमान आमासमूह भवन व्यवस्थापन | १००००० | |
| ७ | हिले बिजुली व्यवस्थापन | ५०००० | |
| ८ | अन्तर सन्जाल चेतनामूलक कार्यक्रम | ५०००० | |
| ९ | धुपीबोट ढलनिकास | १५०००० | |
| १० | बिस्पोल खानेपानी आयोजना (नेवासँग सहलगानी) | २५०००० | |
| ११ | किरी गाउँघर क्लिनिक शौचालय | १००००० | |
| | **जम्मा** | **३७५००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | पाकडाँडा गोरेटोबाटो मर्मत | ३००००० | |
| २ | नाराखोला गोरेटोबाटो मर्मत | २५०००० | |
| ३ | हिले खानेपानी निर्माण | ५००००० | |
| ४ | बिस्पोल खानेपानी निर्माण | २००००० | |
| ५ | तमान बस्ती संरक्षण | ५००००० | |
| ६ | कोटपाखा गोरेटोबाटो मर्मत | १५०००० | |
| ७ | रेलिङ सहितको गोरेटोबाटो निर्माण | १४३६२९ | |
| | **जम्मा** | **२०४३६२९** | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. ४** | **रकम** | |
| १ | सन्तर बालविकास तटबन्धन | ३००००० | |
| २ | सरस्वती आ.वि.रेलिङ रङरोगन | २५०००० | |
| ३ | तिखेजुर राजगीरी खानेपानी | ८९०००० | |
| ४ | गोर्दी देखि कलम्पुङ ढंगाखानी मोटरबाटो | ७००००० | |
| ५ | बोक्रेवास खानेपानी धारा विस्तार | १००००० | |
| ६ | विद्युत मर्मत तथा व्यवस्थापन | २००००० | |
| ७ | ढुंगाखावा खानेपानी | २००००० | |
| ८ | वडा कार्यालय भवन निर्माण | २५००००० | |
| ९ | भाटी खानेपानी मर्मत | ३००००० | |
| १० | सन्तर खानेपानी आयोजना (नेवासँग सहलगानी) | ६००००० | |
| ११ | पुरान तमान खानेपानी र बन्धनधारा खानेपानी विस्तार मर्मत | २५०००० | |
| १२ | देवीस्थान मन्दिर व्यवस्थापन तथा आमासमूह गेट निर्माण | ३१०००० | |
| १३ | ठूलो खोला लघुजलविद्युत पाइप खरिद | ५००००० | |
| | **जम्मा** | **७१०००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | गौरीङखोला तटबन्धन मर्मत | ५००००० | |
| २ | भूजेलथर देखि उपल्लो गाउँसम्म गोरेटोबाटो निर्माण | ३००००० | |
| ३ | सन्तर बालशिक्षा देखि उपल्लो सन्तर सम्म गोरेटो बाटो निर्माण | १६८८५७ | |
| ४ | ठूलो खोला लघुजलविद्युत आयोजनामा पाइपलाइन निर्माण | ३००००० | |
| ५ | भाटी देखि माटोखार गोरेटो बाटो निर्माण | २००००० | |
| | **जम्मा** | **१४६८८५७** | |
| | **वडा नं. ५** | रकम | |
| १ | गतिशिल आमासमूह भवन निर्माण | १०००००० | |
| २ | शान्ति मा.वि.घेराबार | ५००००० | |
| ३ | वडा कार्यालय भवन व्यवस्थापन | ३००००० | |
| ४ | देवीस्थान मन्दिर व्यवस्थापन | १००००० | |
| ५ | विपद व्यवस्थापन | २००००० | |
| ६ | देवीथान मन्दिर निर्माण थासपुरी | ३००००० | |
| ७ | थासपुरी परामर्श उपचार केन्द्र व्यवस्थापन | २००००० | |
| ८ | भगवती प्रा.वि.व्यवस्थापन | २००००० | |
| ९ | खुंखानी युवा क्लब खेलमैदान निर्माण | ३००००० | |
| १० | खवाङखोला विदुयुत विस्तार | ३००००० | |
| ११ | सिरिमबोट गोरेटोबाटो | १००००० | |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **३५०००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | शान्ति मा.वि.ड्राईवाल तथा नाली विस्तार | ३१५९०० | |
| २ | तमानखोला ५ ग्याविन भर्ने,मोटरबाटो सोलिङ गर्ने र नाली निर्माण | ४००००० | |
| ३ | खुंखानी खानेपानी विस्तार | ४००००० | |
| ४ | ठूलो बीसौना आकाशेपुल देखि पार्क सम्म गोरेटोबाटो स्तरनोत्ती | २००००० | |
| ५ | गतिशिल आमासमूह भवन निर्माण | १००००० | |
| ६ | सिरिमबोट गोरेटोबाटो | २००००० | |
| ७ | थासपुरी स्वास्थ्य परामर्श केन्द्रबाट भगवती प्रा.वि. सम्म गोरेटोबाटो | २००००० | |
| ८ | थासपुरी देविथान मन्दिर निर्माण | १००००० | |
| | **जम्मा** | **१९१५९००** | |
| | **वडा नं. ६** | **रकम** | |
| १ | पात्ले खानेपानी एक घर एक धारा निरन्तर कार्यक्रम | ८००००० | |
| २ | विष्णु अधारभूत विद्यालय प्लास्टर ग्रील.रेलिङ.वायरिङ र रङरोगन | ८००००० | |
| ३ | डिल्ली प्रा.वि.ग्रील,रेलिङ,वायरिङ शौचालय | ७००००० | |
| ४ | बोंगाले बिसौना मोटरबाटो | ७००००० | |
| ५ | मालिका प्रा.वि.ग्रील,रेलिङ.छत मर्मत | ३००००० | |
| ६ | बराहघोष खोला लघु विद्युत शौचालय निर्माण तथा भवन मर्मत | ३००००० | |
| ७ | ६ नं. वडा कार्यालय जग्गा व्यवस्थापन | १००००० | |
| | **जम्मा** | **३७०००००** | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | गाउँमुनी मोटरबाटो मर्मत | ३५०००० | |
| २ | कमिलेखाल घुम्टी मोटरबाटो मर्मत | ३००००० | |
| ३ | भित्रीवन पुल संरक्षण तथा मर्मत | १०७९५० | |
| ४ | विष्णु अधारभूत विद्यालय ढल निकास | १००००० | |
| ५ | पात्ले टोल बस्ती संरक्षण | १००००० | |
| | **जम्मा** | **९५७९५०** | |